**बागमती प्रदेश सरकार**

**सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौँ

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर, काठमाडौँको ७ (सात) दिन अवधिको खुला तथा सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका बचतकर्ताहरूको लागि प्रस्ताव आह्वानसम्बन्धी सूचना

पुन: प्रकाशित मिति: २०८३।०२।०७

बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालय, हेटौंडाबाट समस्याग्रस्त घोषित सुमेरु बचत तथा ऋण सहकारी संस्थाको पूर्ण लगानी रहेको, सोही सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूको मात्र शेयर कायम रहेको सुमेरु मार्ट, सुमेरु अस्पताल (धापाखेल), सुमेरु सिटी अस्पताल (पुल्चोक), एसियन कलेज, शंकरापुर कलेज तथा सञ्चालकको नाममा रहेका सम्पत्ति समेत धितो राखी विभिन्न बैंकहरूबाट कर्जा लिएकोमा कर्जाको साँवा, ब्याज नियमित नगरी बैंकले लिलामीका लागि विभिन्न चरणका सूचना निकाली सकेको छ। यसरी लिलामी प्रक्रियामा मात्र जाँदा उचित मूल्य प्राप्त हुन नसक्ने बचतकर्ताहरूको सुझाव र बैंकसँगको समन्वयमा बैंकको धितोको रूपमा रहेका सम्पत्तिहरूलाई बचतकर्ताहरूको पहुँचभित्र हुन सक्ने प्याकेज बनाई बैंकको किस्ता पनि घटाउँदै जाने र संस्थाका सम्पत्ति बचतकर्ताहरूले अधिक रूपमा आफ्नो बचतमा मिलान गर्न सक्ने विधि निर्माण गरी पहिलो चरणको लागि तयार गरिएको सम्पत्तिको प्याकेज प्रतिस्पर्धाका लागि बचतकर्ताहरूको तर्फबाट प्रस्तुत प्रस्ताव र त्यसका शर्त समेत खुला तथा अन्य बचतकर्ताहरूका लागि सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रस्ताव पेश गर्न यो सूचना पुनः प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस समितिको कार्यालयको website: www.coopmc.bagamati.gov.np मा हेर्न सक्नु हुनेछ।

**पहिलो चरणमा बिक्री तथा व्यवस्थापन गर्नका लागि तयार गरिएको सम्पत्तिको प्याकेज**

१. ललितपुर जिल्ला धापाखेल वडा नं. १ग स्थित सुमेरु अस्पताल प्रा.लि. को नाममा रहेका कि.नं. ७० क्षेत्रफल ०-७-०-०, कि.नं. ६० क्षेत्रफल ०-११-०-०, कि.नं. ६८ क्षेत्रफल ०-६-३-२, कि.नं. १८१८ क्षेत्रफल १-२-०-०, कि.नं. १८१५ क्षेत्रफल १-३-२-०, कि.नं. ५६ क्षेत्रफल १-१-०-०, कि.नं. १४७६ क्षेत्रफल ०-२-०-०, कि.नं. १४७४ क्षेत्रफल १-०-०-० को खाली जग्गा र ऐ. ठेगानाको रमेश महर्जनको नाममा रहेको कि.नं. ७३ क्षेत्रफल ०-३-०-० को खाली जग्गा।

- प्रतिस्पर्धाको लागि बचतकर्ताहरुको तर्फबाट ७० प्रतिशत आफ्नो बचत व्यवस्थापन गर्ने र ३० प्रतिशत बैंक तथा अन्य साना बचतकर्ताको फिर्ताका लागि नगद जम्मा गर्ने गरी प्रस्तावित एकमुष्ट रु. ६०,००,००,०००।- अक्षेरुपी साठी करोड रुपैयाँ मात्र।

२. ललितपुर महानगरपालिका वडा नं. ३ स्थित सुमेरु सिटी हस्पिटल प्रा. लि. को नाममा रहेको कि.नं. ७१५, क्षेत्रफल ०-४-०-० को जग्गा, ललितपुर महानगरपालिका वडा नं. १५ स्थित एशियन फाउण्डेसन प्रा.लि. को नाममा रहेको कि.नं. ८४१, क्षेत्रफल ०-३-२-०, कि.नं. ७५१, क्षेत्रफल ०-५-०-०, कि.नं. ७१४, क्षेत्रफल ०-६-०-०, कि.नं. ८१७, क्षेत्रफल ०-५-०-०, कि.नं. ८१८, क्षेत्रफल ०-५-०-०, कि.नं. ११०४, क्षेत्रफल ०-४-२-०, कि.नं. ११०५, क्षेत्रफल ०-३-०-०, कि.नं. १०७६, क्षेत्रफल ०-५-३-०, कि.नं. १०६०, क्षेत्रफल ०-४-०-०, को जग्गा र ललितपुर महानगरपालिका वडा नं. १५ स्थित शंकरापुर एकेडेमी प्रा.लि. को नाममा रहेको कि.नं. १०७५, क्षेत्रफल ०-२-२-० को जग्गा र उक्त जग्गामा बनेको भवन समेत।

- प्रतिस्पर्धाको लागि बचतकर्ताहरुको तर्फबाट बुँदा नं. १ कै अनुसारको एकमुष्ट रकम रु ६०,००,००,०००।- अक्षेरुपी साठी करोड रुपैयाँ मात्र।

**नोट:**

१. यो न्यूनतम मूल्य भन्दा बढी रकम कबोल गरी खरिद गर्नका लागि बाह्य व्यक्तिहरूबाट पनि प्रस्ताव पेश गर्न सकिने छ।

२. उल्लेखित सम्पत्ति र त्यसको मूल्य सहित दाबी गर्ने बचतकर्ता बाहेक एकमुष्ट खरिदका लागि सो भन्दा बढी मूल्य कबोल गर्ने गरी अन्य बचतकर्ताहरूको समूहले पनि प्रस्ताव पेश गर्न सकिने छ।

३. यसरी प्रस्ताव पेश गर्ने व्यक्ति वा समूह जसको प्रस्ताव स्वीकृत हुन्छ उसले प्रस्ताव स्वीकृत भएको १५ दिन भित्र समितिमा बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाइ सक्नुपर्ने छ।

४. प्रस्तावसँगै धरौटी वापतको १० प्रतिशत रकम बुझाउनुपर्ने सबै पक्षका लागि अनिवार्य हुनेछ।

५. प्रस्ताव स्वीकृत भएको १५ दिनभित्र सबै कबोल रकम नबुझाएमा धरौटी वापतको रकम जफत गरी अर्को प्रक्रिया शुरु गरिनेछ।